का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ असार २०८०,
शुक्रबार
16 June 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १४१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# नेतृत्वमा मिलेमतो

तीन दिनपछि अवकाश पाउने वैकुण्ठ अर्याललाई मुख्यसचिव बनाउन तीन महिना कार्यकाल बाँकी रहेका शंकरदास बैरागीलाई राजीनामा गराएर राष्ट्रिय सुरक्षा सल्लाहकार नियुक्त गरिएको छ । यस्तै, प्रवृतिबाट प्रेमकुमार राई अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अदुअआ) को प्रमुख बनेका हुन् । अवकाश पाउने केही दिन बाँकी हुँदा दिनेश थपलिया निर्वाचन आयोगका प्रमुख आयुक्त भएका थिए ।


निवर्तमान मुख्यसचिव शंकरदास वैरागी (दाँया) र नवनियुक्त मुख्यसचिव वैकुण्ठ अर्याल ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३२ जेठ ।

सरकारले मुख्य सचिवमा वैकुण्ठ अर्याललाई नियुक्त गरेको छ । बिहीबार बिहान बसेको मन्त्रिपरिषद् बैठकले अर्याललाई मुख्य सचिवमा नियुक्त गरेको हो । ३ महिनापछि अवकाश पाउन लागेका शंकरदास बैरागीलाई अन्य कुनै पदमा व्यवस्थापन गर्ने गरी सरकारले अर्याललाई मुख्य सचिव बनाएको हो । सचिवहरुमध्येमा वरिष्ठताका आधारमा अर्याललाई मुख्यसचिवमा नियुक्त गरिएको सरकारले बताएको छ ।

अर्याल यसअघि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सचिव थिए । बिहीबारको मन्त्रिपरिषद्को बैठकमा अर्याल मुख्य सचिवका रुपमै बसेका थिए । ०४६ सालमा नासुबाट सेवा प्रवेश गरेका अर्याल ०४९ सालमा शाखा अधिकृत बनेका थिए । यसअघि सचिवका रुपमा उनले वित्त आयोग, वाणिज्य मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा जिम्मेवारी सम्हालेका थिए । सहसचिव हुँदा उनले योजना आयोग, अर्थ मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा रहेर काम गरे । अर्थशास्त्रमा नर्वेबाट विद्यावारिधि गरेका अर्यालले यसअघि वित्त आयोगमा सचिव भएर काम गर्दा नेपालको संघीय वित्तीय हस्तान्तरणमा महत्वपूर्ण भूमिका निभाएका थिए ।

तीन दिनपछि अवकाश पाउन लागेका सचिव वैकुण्ठ अर्याल मुख्यसचिव बनाउन तीन महिनापछि अवकाश पाउन लागेका





शंकरदास बैरागीलाई राजीनामा गराएर सुरक्षा परिषद्को राष्ट्रिय सुरक्षा सल्लाहकार नियुक्त गरेको छ ।

यस्तै, प्रवृतिबाट प्रेमकुमार राइ अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अदुअआ) को प्रमुख बनेका हुन् । अवकाश पाउने केही दिन बाँकी हुँदा दिनेश थपलिया निर्वाचन आयोगका प्रमुख आयुक्त भएका थिए ।

थपलिया प्रमुख आयुक्त सिफारिस हुनुअघि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव थिए । उनको केही समय मात्रै कार्यकाल रहेका बेला निर्वाचन आयोगको प्रमुख आयुक्तमा सिफारिस भएको थियो ।

२०७७ माघ ४ गते सचिवबाट अवकाश पाउँदै गरेका प्रेम कुमार राइ ३० मंसिर २०७७ मा अख्तियार प्रमुखमा सिफारिस भएका थिए । संवैधानिक परिषद सम्बन्धी अध्यादेश ल्याएर संसद विघटनको टाइममा राइले नियुक्ति सिफारिस पाएका थिए । बिना संसदीय सुनुवाइ अख्तियार प्रमुखको सपथ खाए । यस सम्बन्धी मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ ।

**स्तनपान: बालबालिकालाई वरदान**

- आमाको दुधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ ।
- आमाको बिगौति दुधले बालबालिकालाई खोपसरहको काम गर्छ ।
- स्तनपानले शिशुको शारिरीक, मानसिक, बौद्धि तथा समाजिक विकासमा मद्दत गर्छ ।
- बजारमा पाइने प्याकेट दुध वा फर्मुला आमाको दुधजस्तो पोषिलो हुँदैन ।

*त्यसैले बालबालिकालाई स्तनपान गराऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

### नक्कली शरणार्थी प्रकरण
## आज थुनछेक आदेश

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३२ जेठ ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा आज आउँदैछ । प्रतिवादीहरुको प्रतिरक्षा बहस बिहीबार सकिएको थियो ।

बिहीबार भुटानी शरणार्थी नेता टेकनाथ रिजाल तथा ललितपुरका हरिभक्त महर्जन र लक्ष्मी महर्जनको पक्षमा वकिलहरुले बहस गरेका थिए । उनीहरु तीनजनाको पक्षमा प्रतिरक्षा बहस सकिएसँगै अब शुक्रबार बिहानदेखि २ बजेसम्म सरकारी वकिलहरुले जवाफी बहस गर्ने भएका छन् ।

उक्त जवाफी बहसपछि काठमाडौं जिल्ला अदालतका न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजालसले पुर्पक्षका लागि थुनामा पठाउने, धरौटी लिएर रिहा गर्ने र साधारण तारेखमा छाड्ने गरी आदेश दिनेछन् । पृष्ठ २ मा

# अनलाइन बेटिङमा ‘अपरेशन’

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३२ जेठ ।

अनलाइनमार्फत जुवा खेलाउने कार्यमा संलग्न भएको आरोपमा कलाकारहरूसमेत पक्राउ परेका छन् ।

बिहीबार काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले ३५ वर्षीय बल्छी धुर्वे भनेर चिनिने मरिचमान श्रेष्ठ र राजु मास्टर भनेर चिनिने राजु पौडेललगायतका कलाकारलाई अनुसन्धानका लागि पक्राउ गरेको हो ।

कार्यालयका एक प्रहरी अधिकारीका अनुसार उनीहरूलाई काठमाडौंको स्वयम्भूलगायतका ठाउँबाट नियन्त्रणमा लिइएको हो । पक्राउ परेका अन्य कलाकारहरुमा २८ वर्षीय पवन खतिवडा म्याकुरी, युट्युबर एलिश राई छन् । त्यस्तै रोल्पा घर भई कीर्तिपुर बस्ने २४ वर्षीय युट्युबर जलन



घर्तीमगर जलन, मुगु घर भई टिकाथली बस्ने युट्युबर गणेश देवकोटा (जिडी), मोरङ घर भई भक्तपुर ठिमी बस्ने २५ वर्षीय सरोज घिमिरे (ढेडु बुढो) र प्युठान घर भई कलंकी बस्ने भटभटे माइला भन्ने बेगम नेपाली पनि पक्राउ परेका छन् ।

उनीहरूले आफ्नो युट्युब भिडिओमा प्रोमो कोडको प्रयोग गरी बेटिङ गर्न प्रचार गर्थे । उनीहरूको प्रोमो कोडको प्रयोग गरे छुट हुने बताएर बेटिङको प्रोत्साहन गरेको पाइएको प्रहरीले जनाएको छ । जसबापत उनीहरूले कमिसन लिएको अनुसन्धानबाट देखिएको प्रहरी बताउँछ ।

उनीहरूलाई काठमाडौं जिल्ला अदालतले तीन दिन हिरासतमा राख्न प्रहरीलाई अनुमति दिएको कार्यालयका एसपी रवीन्द्र रेग्मीले जानकारी दिए । लामो अनुसन्धानपछि यसरी समाजमा बेटिङ खेलाउनमा एजेन्टहरूको मात्रै नभएर प्रचारप्रसार गर्नेहरूको पनि उत्तिकै संलग्नता हुने गरेको भन्दै प्रहरीले कलाकारहरूलाई पनि पक्राउ गरेको हो ।

बुधबारमात्रै कार्यालयले पाँच जना एजेन्टहरूलाई पक्राउ गरेको थियो । एजेन्ट बनेर वानएक्स बेटिङ गराएको आरोपमा प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । पाँच जनाले मात्रै ७४ करोड बढीको कारोबार गरेको अनुसन्धानबाट खुलेको हो । प्रहरीले उनीहरूमाथि विस्तृत अनुसन्धान अघि बढाएको बताएको छ । एजेन्ट र प्रचार गर्ने कलाकारहरुलाई एउटै मुद्दामा आकर्षित गरी अनुसन्धान अघि बढाएको हो ।

यसमा जुवा खेल्न र खेलाउन नहुने कसुर, राष्ट्र बैंक ऐन, सम्पत्ति शुद्धीकरणको कसुरहरू पनि आकर्षित हुने प्रहरीले जनाएको छ ।

उनीहरूमध्ये एकै व्यक्तिले विभिन्न व्यक्तिका कागजात प्रयोग गरी ६३ वटा खाता पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## नयाँ गन्तव्यका लागि युरोपका आधा दर्जन मुलुकमा भ्रमण गर्ने प्रगतिशील मञ्चको निर्णय



**मध्यान्ह संवाददाता**
काठमाडौं, ३२ जेठ

प्रगतिशील वैदेशिक रोजगार व्यावसायी मञ्च, नेपालले युरोपेली मुलुकमा सम्भावित श्रम बजारमा स्थलगत भ्रमण गर्ने निर्णय गरेको छ । मञ्चका अध्यक्ष जनक रावलको अध्यक्षतामा बिहीबार बसेको कार्यसमितिको पूर्ण बैठकले आगामी साउन ३० गतेदेखि विभिन्न युरोपेली मुलुकमा भ्रमण तथा जबफेयर गर्ने निर्णय गरेको हो ।

मञ्चले युरोपका रोमानिया, अल्बानिया, जर्मनी, स्लोभाकिया, अस्ट्रिया, क्रोएसिया, हंगेरीलगायतका देशहरूमा नेपाली कामदारको रोजगारीका अवसर रहेको निष्कर्षसहित भ्रमण पृष्ठ २ मा

### एनआरएनएको आठौं मध्यपूर्व क्षेत्रीय सम्मेलन ओमानमा हुने

**काठमाडौं/मस-** गैर आवासीय नेपाली संघ (एनआरएनए)को आठौं मध्यपूर्व क्षेत्रीय सम्मेलन यही जुन महिनाको अन्तिम साता हुने भएको छ । सम्मेलनबारे जानकारी दिन बुधबार साँझ आयोजित पत्रकार सम्मेलनमा ‘अनिवार्य सामाजिक सुरक्षा र सम्मानित वैदेशिक रोजगार, रेमिट्यान्सको सही लगानी राष्ट्र निर्माणको आधार’ भन्ने मुल नारासहित जुन २८ देखि ३० तारिखसम्म आठौं मध्यपूर्व क्षेत्रीय सम्मेलन आयोजना गरिने जानकारी दिइएको हो ।

गैरआवासीय नेपाली संघको मध्य पूर्व क्षेत्रीय परिषद्को मुख्य आयोजना र राष्ट्रिय समन्वय पृष्ठ २ मा

# कर्मचारीको अनुगमन

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३२ जेठ ।

सिंहदरबारमा कार्यरत कर्मचारीहरु हाजिर गरेर भाग्ने प्रवृत्ति बढेसँगै सरकारले निगरानी बढाउन थालेको छ । कार्यालय समयभर नभेटिने कर्मचारीहरु बिहान र बेलुकाको हाजिर गर्ने समयमा मात्रै भेटिन थालेपछि निगरानी बढाएको हो । राष्ट्रिय सतर्कता केन्द्रले गरेको निगरानी अनुसार बिहान १० देखि १२ बजेको अवधिमा मात्रै एक सय ३२ बढी कर्मचारी दक्षिणी गेटबाट बाहिरिएका छन् ।

‘धेरैजसोले अस्पतालमा बिरामी भेट्न, खाना खान, पासपोर्ड ल्याउन, लाइसेन्स ल्याउन, पैसा झिक्न’ जान थालेको भनेर टिपाएका छन् । केही भने कार्यालयको कामको सिलसिलामा बाहिर निस्किएको देखियो’ केन्द्रका डिएसपी कृष्णप्रसाद अधिकारीले भने । विभिन्न बहानामा बाहिर निस्कने कर्मचारीलाई स्पष्टीकरण सोध्ने तयारी रहेको उनको भनाई छ । कार्यालय प्रमुख वा आफूभन्दा माथिल्लो तहका अधिकारप्राप्त अधिकारीको स्वीकृतिविना



कार्यालय समयमा बाहिर जान नपाउने नियम रहँदै आएको छ ।

त्यसोत, सिंहदरबार मात्रै होईन देशभरिकै सरकारी निकायमा कार्यालय अवधिभर नबस्ने प्रवृत्ति मौलाएको छ । विहान हाजिर गरेर जाने अनि बेलुकी हाजिर मात्रै गर्न पुग्ने गलत प्रवृत्तिका कारण धेरै काम ढिला पनि हुनेगरेको छ । अझ कतिपय दुर्गमस्थानका कर्मचारीले त काठमाडौं बसेरै तलब खाईरहेको अवस्था छ । उक्त गलत प्रवृत्ति रोक्न सरकारले निगरानी बढाएपनि त्यसमा निरन्तरता नदिदाँ ठग्ने प्रवृत्ति झनै मौलाएको छ । दिनहुँ हाकिमको निगरानीमा बसेर काम गर्ने कर्मचारी ग्रह्रजिम्मेवार बन्न थालेको भन्दै कारबाही वा स्पष्टीकरणको माग पनि उठिरहेका छन् । तर, अनुगमन र नियन्त्रण गर्ने निकाय नै जिम्मेवार नबन्दा कर्मचारीहरुमा अराजकता मौलाउँदै गएको छ ।

**कार्यान्वयनमा आएन आधीघण्टे खाजा समय**

सरकारले गत फागूनमा निजामती र सार्वजनिक सेवाका कर्मचारीको कार्यालय समय आधा घण्टामात्रै तोकेपनि कार्यान्वयनमा भने आउन पृष्ठ २ मा

# ‘रक्तदानको अभियानमा हातेमालो गरौं’



**नेपालगञ्ज/मस–** बाँकेमा विभिन्न सचेतनामूलक कार्यक्रम र रक्तदान गरेर २० औं विश्व रक्तदाता दिवस मनाइएको छ । हरेक वर्षको जुन १४ का दिन विश्वभर विश्व रक्तदाता दिवस मनाइन्छ ।

‘नियमित रुपमा रगत तथा प्लाज्मा दान गरौं, जीवन बचाउने कार्यमा हातेमालो गरौं’ भन्ने नाराका साथ नेपालगञ्जमा आयोजित कार्यक्रममा स्वयंसेवीको एक पिन्ट रगतले कसैको ज्यान जोगिन सक्छ भन्ने कुरालाई मनन् गरेर रक्तदानको अभियानमा हातेमालो गर्न सहभागीहरुले जोड दिएका छन् ।

कार्यक्रममा नेपाल स्वयंसेवी रक्तदाता समाज बाँकेका अध्यक्ष दिला शाहले जिल्लामा रक्तदान अभियानलाई तीव्ररुपमा अगाडि बढाइएको भन्दै सबै स्थानीय तहमा यसको उपशाखा निर्माण गरिने बताए । रगत भन्ने कुरा मानिसलाई नभई नहुने भएकाले यसको सहज उपलब्धता र रक्तदान गर्ने व्यक्तिहरुलाई नियमित रक्तदान गर्ने वातावरण निर्माणका लागि समाज लागिपरेको अध्यक्ष शाहले बताए । यो वर्षको नाराले जीवनपर्यन्त रगतको आवश्यक पर्ने विरामीलाई रगत र प्लाज्मा दान गरेर सहयोग गर्न हरेक व्यक्तिले खेल्ने भूमिकाको महत्वलाई दर्शाएको उनले बताए ।

त्यस्तै समाजका केन्द्रीय सदस्य गोविन्द वाग्लेले रक्तदानको सानो प्रयासले लाखौ रुपैयाँले बचाउन नसक्ने ज्यान जोगाउन सफल हुने भएकाले समाजका सबै व्यक्ति रक्तदानतर्फ सक्रिय हुनुपर्ने बताउँदै रगतदान जस्तो पूण्य कार्य अरु हुनै नसक्ने बताए । समाजमा रहेका सबै वर्गका लागि कतिबेला कहाँ रगतको आवश्यकता पर्न सक्छ निश्चित नभएकाले रक्तदानमा स्वस्थ व्यक्तिको सक्रियता जरुरी रहेको उनले बताए ।

यस्तै कार्यक्रममा बोल्दै समाज बाँकेका सल्लाहकार तथा १८ वर्षदेखि हरेक तीन महिनामा निरन्तर रक्तदान कार्यक्रम आयोजना गर्दै आएको जनमत अर्द्ध साप्ताहिकका सम्पादक पूर्णलाल चुकेले रगतको आवश्यकता सबैलाई पर्ने र यो अभियानमा हरेक क्षेत्र, पक्ष, संघसंस्था र व्यक्तिको सक्रियता हुनुपर्ने बताए ।

सल्लाहकार चुकेले मानव रगतको समूह पत्ता लगाउने वैज्ञानिक डा. कार्ल ल्याण्डस्टाइनरको जन्मदिन जुन १४ को अवसर पारेर हरेक वर्ष विश्व रक्तदाता दिवस मनाउने गरिएको भन्दै पहिलो विश्व रक्तदाता दिवस सन् २००४ मा मनाइएको र सन् २००५ मा ५८ औं विश्व स्वास्थ्य सभाद्वारा वार्षिक विश्वव्यापी कार्यक्रमको रुपमा नामकरण गरिएको जानकारी दिए ।

उनले भने, ‘स्वास्थ्य विज्ञानका अनुसार प्रत्येक स्वस्थ मानिसको शरीरमा तीन महिनामा पुनः अर्को रगत कोशिका तयार हुने भएकाले रक्तदान गरेर अरु कसैको ज्यान बचाउन सकिन्छ । यो दिवसमा सुरक्षित रगत र रगत उत्पादनको आवश्यकता बारेमा सचेतना जगाउन र रक्तदान गर्न प्रेरित गर्दै रक्तदातालाई धन्यवाद दिने दिवसका रुपमा पनि मनाउने गरिन्छ ।’

कार्यक्रममा अध्यक्ष शाहले हालै केन्द्रीय अधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्य वाग्ले, खजुरा गाउँपालिकामा नवगठित उपशाखा अध्यक्ष विकास काउचामगर, सचिव गौरव सापकोटा, जानकी गाउँपालिका उपशाखा अध्यक्ष धर्मराज वर्मालाई स्वागत एवम् दोसल्ला ओढाएर सम्मान गरेका थिए । कार्यक्रममा नेपालगञ्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष नन्दलाल वैश्य, नेपाल शिव सेनाका केन्द्रीय सदस्य सुनिलराज केसी, मानव धर्म सेवा समिति, भेरी राप्ती क्षेत्रका सचिव मंगल जिएम, एकता युवा क्लबका अध्यक्ष राजेश यादव, समाजका सल्लाहकार पवन जायसवाललगायत पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# मर्स्याङ्दी गाउँपालिकामा प्लास्टिक प्रयोगमा प्रतिबन्ध

**सरोज विश्वकर्मा/मध्यान्ह**
लमजुङ, ३२ जेठ

लमजुङको मर्स्याङ्दी गाउँपालिकामा प्लास्टिकका प्लेट, गिलास र चम्चा प्रयोगमा प्रतिबन्ध लगाइएको छ । गाउँपालिकाको कार्यपालिका बैठकले प्लास्टिकका सामग्री प्रयोगमा पूर्ण प्रतिबन्ध लगाएको अध्यक्ष अर्जुन गुरूङले जानकारी दिए ।

‘सफा मर्स्याङ्दी अभियानलाई सार्थक बनाउन प्लास्टिकजन्य बस्तुको प्रयोगलाई न्यूनीकरण गर्न यस्तो निर्णय गरेका छौं, अध्यक्ष गुरूङले भने, ‘प्लास्टिकका भाँडाको विकल्पमा दुना टपरी र स्टिलका भाँडा प्रयोगमा प्रोत्साहन गर्छौं ।’

निर्णय कार्यान्वयन गर्न पालिकाले जेठ ३२ गते सार्वजनिक सूचनासमेत जारी गरेको छ । मर्स्याङ्दी गाउँपालिकाले चालू आर्थिक वर्षमा ‘सफा मर्स्याङ्दी’ अभियान सञ्चालन गरिरहेको छ । अभियान अन्तर्गत गाउँपालिकाले सबै गाउँटोल, बस्ती, बाटोघाटो सरसफाई अभियान चलाउनुको साथै फोहोर संकलन र वर्गीकरण कार्य गरेको छ । गाउँबस्तीमा पुगेर ट्याक्टरबाट फोहोर संकलन गरी वर्गीकरण गरेर व्यवस्थापन गर्ने गरेको मर्स्याङ्दी गाउँपालिकाका उपाध्यक्ष जुनामाया थापाले बताइन् । अभियानलाई सफल बनाउन गाउँपालिकाको हरेक टोल बस्तीहरु, संघसंस्थाहरु वरपर, सार्वजनिक स्थलहरु र खोलाहरुको सरसफाई गरिएको छ । पालिकासँगै स्थानीय पनि लागि परेका छन् । यो अभियानले गाउँटोल सफा र आफुहरूलाई उत्साहित बनाएको स्थानीय बताउँछन् । गाउँपालिकाले २०७६ असोजदेखि फोहोर संकलन अभियान सञ्चालन गरी जथाभावी फोहर फाल्न प्रतिबन्ध लगाएको थियो ।

# रुकुम पूर्वमा भुम्या नाचको रौनक



रुकुम पूर्व/मस- रुकुम पूर्वमा मगर समुदायको मुख्य पर्व भुम्या नाचको रौनकता छाएको छ । भुम्या पर्वलाई विशेष पूजा आराधना गरी धुमधामका साथ नाचगान गरी मनाउने प्रचलन छ । जेठ १ गतेदेखि शुरु भएको यो पर्व असार ५ गतेसम्म मनाइन्छ । भुम्या नाच्ने, बजाउने, गाउने तथा रमाउनेले गाउँघरका चोक/चौतारा भरिएको स्थानीय रामशुर बुढा मगरले बताए ।

रुकुम पूर्वमा ३ स्थानीय तह रहेका छन् । जहाँ मगर बस्तीको बाहुल्यता रहेको छ । सिस्ने गाउँपालिका, भुमे गाउँपालिका र पुथाउत्तर गंगा गाउँपालिमा मगर जातिको बाहुल्यता रहेको छ ।


**Ashok Leyland Vehicle Price List (MRP)** (Effective from 16th June, 2023)

| S.N. | Model | MRP |
|---|---|---|
| | **LCV** | |
| 1 | DOST Strong HSD | 2,340,000 |
| 2 | DOST Strong FSD | 2,330,000 |
| 3 | DOST Plus FSD | 2,420,000 |
| 4 | Bada Dost FSD | 2,990,000 |
| 5 | DOST Plus HSD | 2,550,000 |
| 6 | DOST Strong Container | 2,530,000 |
| 7 | DOST Plus Container | 2,650,000 |
| 8 | DOST Express Passenger CBC | 2,530,000 |
| 9 | DOST Express Passenger Fully Built | 3,340,000 |
| 10 | Dost Strong Reefer Van | 2,700,000 |
| 11 | Dost Plus Reefer Van | 2,850,000 |
| | **Bus Chassis** | |
| 12 | Lynx Smart 3900 WB Chassis | 3,500,000 |
| 13 | Lynx Smart 4200 WB Chassis | 3,580,000 |
| 14 | Lynx Smart 4900 WB Chassis | 3,600,000 |
| 15 | Lynx Smart 5200 WB Chassis | 3,700,000 |
| | **School Bus Fully Built** | |
| 16 | Lynx Smart 3900 WB Fully Built School Bus (40+D) | 4,850,000 |
| 17 | Lynx Smart 4200 WB Fully Built School Bus (42+D) | 4,950,000 |
| 18 | Lynx Smart 4900 WB Fully Built School Bus (50+D) | 5,140,000 |
| | Route Bus Fully Built | |
| 19 | Lynx Smart 4200 WB Fully Built Route Bus (32+D) | 4,950,000 |
| 20 | Lynx Smart 4900 WB Fully Built Route Bus (40+D) | 5,140,000 |
| | **MDV Buses** | |
| 21 | 12 Mt 180 AW Retarder MDV Bus Chassis | 5,720,000 |
| 22 | VIKING 166 Sherpa Bus Chassis | 4,450,000 |
| 23 | VIKING 222 160 SS | 4,340,000 |
| 24 | VIKING 210 MDV Bus Chassis | 4,620,000 |
| 25 | VIKING 222 180 Web-Air | 4,970,000 |

IME MOTORS Corporate Office: Kathmandu, Nepal, Tel:+977-1-4955920/4955921 ASHOK LEYLAND


## नक्कली...

यो प्रकरणमा हालसम्म १८ जना अभियुक्तहरु पक्राउ परेका छन् । जिल्ला प्रहरी परिसर काठमाडौंले यो प्रकरणमा दुई जना भीआईपी नेताहरुसहित ३० जनाविरुद्ध विभिन्न शीर्षकमा मुद्दा अघि बढाएको थियो । जिल्ला सरकारी वकिलको कार्यालयले ठगी, किर्ते, राज्यविरुद्धको अपराध र संगठित अपराधहितका मुद्दा जिल्ला अदालतमा दर्ता गराएको छ ।

## अनलाइन...

खोलेर ६४ करोडको कारोबार गरेको खुलेको प्रहरीले जनाएको छ । पक्राउ परेकाहरूलाई मुलुकी अपराध संहिता २०७४ को दफा १२५ को उपदफा ४ बमोजिम सट्टाबाजी गर्न/गराउन नहुने कसुरअन्तर्गत थप अनुसन्धान र कारबाही पनि अगाडि बढाइएको छ ।

## नयाँ...

एवम् जबफेयर गर्ने निर्णय गरेको पनि अध्यक्ष रावलले जानकारी दिए ।

उनले यसअघिको मञ्चको अध्ययन भ्रमणले युरोपेली देशमा नेपाली कामदारलाई ढोका खोलेको भन्दै यस पटकको भ्रमण तथा जबफेयरले रोजगारीको संख्यामा उल्लेख्य वृद्धि गरी युरोपेली मुलुकको रोजगारीमा गुणात्मक परिवर्तन गर्ने भएका कारण सकेसम्म धेरै व्यवसायीलाई भ्रमणमा सहभागी गराउने बताए । युरोपेली मुलुकमा नेपाली युवायुवतीको क्षमताअनुसारको रोजगारीको सम्भावना रहेको धेरै अघिदेखि चर्चामा छ ।

केही दिनअघि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्रधानमन्त्री कार्यालयमा सरुवा भएका तत्कालीन सचिव एक नारायण अर्यालले खाडी र मलेसियामा केन्द्रित नेपालको वैदेशिक रोजगारलाई तलब, मानव अधिकार तथा सुरक्षाका दृष्टिकोणले उपयुक्त युरोपेली मुलुकमा लैजाने काममा मिहेनत गर्न व्यवसायीहरूलाई सुझाव दिएका थिए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले पनि पटक-पटक खाडी र मलेसियामा केन्द्रित नेपालको वैदेशिक रोजगारलाई ब्रान्डिङ गरेर युरोपेली मुलुकमा पुऱ्याउनुपर्ने भनाइ राख्ने गरेका छन् ।

## कर्मचारीको...

सकेको छैन । समयावधि तोकेको तीन महिना पुग्दा पनि सिंहदरबारको क्यान्टिन, विभिन्न सरकारी अफिसका क्यान्टिनमा कर्मचारीहरु भरिभराउ देखिएका छन् । दिउँसो १:३० देखि २ बजेसम्म खाजाको समय राखिएपनि करिब ३ बजेसम्म नै कर्मचारीहरु क्यान्टिनमा भेटिन्छन् । सरकारले कर्मचारीको निगरानी र नियन्त्रणका लागि विभिन्न निर्णय गरेपनि सो विषय कार्यान्वयनमा भने आउन सकेको छैन । जसले गर्दा ढिलासुस्ती गर्ने र काम चल्ने सरकारी प्रवृत्ति हटाउने विषय बोलीमै सीमित भएको छ ।

## एनआरएनएको ...

परिषद् ओमानको आतिथ्यतामा ओमानको मस्कटस्थित होटेल मस्कट होलिडेमा सम्मेलन हुन लागेको हो । सम्मेलनमा नेपाल सरकारका तर्फबाट प्रमुख अतिथिको रूपमा उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, विशेष अतिथि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी, प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियालगायतको उपस्थिति रहनेछ ।

सम्मेलनमा मध्य पूर्वमा रहेका नेपाली श्रमिकका सवाल, राष्ट्रिय अर्थतन्त्रमा ओझेलमा परेको उनीहरुको योगदान, श्रमिक र उनीहरुका परिवारको जीवनमा तात्विक परिवर्तन हुन नसकेको परिस्थिति, वैदेशिक रोजगारीको सामाजिक र पारिवारिक प्रभाव, सुरक्षित आप्रवासन, नीति तथा कार्यान्वयन, मध्यपूर्वमा कार्यरत श्रमिक र उनीहरुको परिवारको मानसिक तथा शारीरिक स्वास्थ्य, मध्यपूर्वमा रहेका श्रमिक तथा स्वरोजगारमा रहेका नेपालीको मताधिकार, वैदेशिक रोजगारीमा जाने युवाका लागि भाषा, सीपमूलक तालिम, फर्केर आएका युवा-युवतीका लागि उद्यममा लाग्न प्रोत्साहन तथा समाजमा पुनःस्थापना, पूनःएकीकरण र समायोजन, सामाजिक सुरक्षा कोषमा आवद्धता, अनिवार्य सामाजिक सुरक्षा र सम्मानित वैदेशिक रोजगार, रेमिट्यान्सको सही लगानीलगायतका मुख्य एजेण्डामा छलफल हुने पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

सम्मेलनले मध्यपूर्वमा कार्यरत नेपालीमाझ स्थानीय भाषा र कानूनमा ज्ञानको कमी तथा सूचना अभावलगायत विविध कारणले जेलजीवन बिताउनु परेको र काम गर्ने क्रममा गम्भीर दुर्घटनामा परी अंगभंग भएका श्रमिकका समस्या निराकरणका लागि सुझाव दिनेछ ।

वैदेशिक रोजगारीमा जाने नेपालीको जनचेतना वृद्धि र विदेशमा सिकेका ज्ञान तथा सीपलाई मातृभूमिमा कसरी उपयोग गर्न सकिन्छ भन्ने विषयमा पनि सम्मेलनमा छलफल हुनेछ । विदेशस्थित नेपाली नियोगमार्फत विदेशमा श्रम स्वीकृति एवम् अनुगमनको व्यवस्था, श्रम स्वीकृति कार्यान्वयन, श्रम सीप बैंकको स्थापना, कामदार र सरकारी निकायबीच समन्वय, वैदेशिक रोजगारीमा गएकाको लागि सञ्चयकोषको व्यवस्था गर्न यस सम्मेलनले नेपाल सरकारको ध्यानाकर्षण गराउनेछ । सम्मेलनमा गैरआवासीय नेपाली समुदायको आवाज उठाउने र उनीहरूका समस्याहरूको समाधानका लागि नेपाल सरकारसँग संवाद स्थापित गर्ने उद्देश्यले राखिएको छ ।

श्रमिकका मुद्दा सम्बोधनका लागि नेपाल सरकार तथा सरोकारवाला निकायको ध्यानाकर्षण गराउने उद्देश्यले आयोजना गर्न लागिएको यो सम्मेलन पूर्णतः श्रमिक केन्द्रित हुने भएकाले उनीहरुका अभिव्यक्ति, अनुभव र विचार व्यक्त गर्ने अवसरसमेत प्रदान गरिनेछ । समग्र युवा तथा महिलाका मुद्दालाईसमेत प्राथमिकता दिइने सम्मेलन पूर्णरुपमा समावेशी हुनेछ । सम्मेलनमा मध्यपूर्वसहित विभिन्न मुलुकका करिब पाँच सय जना प्रतिनिधिको सहभागिता रहने अनुमान छ ।


**MRP of VERT Equipment**
(Effective From 16th June, 2023)

VERT EQUIPMENT PRIVATE LIMITED

| S.N. | Model | MRP |
|---|---|---|
| 1 | SSL 48 PS with 6 in 1Bucket & Std. Tyre | 3,570,000 |
| 2 | SSL 48 PS with 6 in 1Bucket & Solid Tyre | 3,620,000 |

IME AUTOMOTIVES — IME Automotives Pvt. Ltd.
Corporate office: Kathmandu, Nepal, Tel:+977-1-4955920/4955921



**खजुरा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खजुरा, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

**ठेक्का स्वीकृति गर्ने आशयको सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०३/०१**

यस गाउँपालिकाको मिति २०८०/०१/२० गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार बोलपत्र आह्वान भइ तोकिएको म्यादभित्र बोलपत्र प्रस्तावमा दर्ता गर्ने सप्लायर्सहरुबाट मिति २०८०/०२/२१ मा प्रस्ताव खोली मूल्यांकन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम सोहि ऐनको दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिन्छ ।

| क्र. स. | ठेक्का नं. | सप्लायर्सको नाम | योजनाको नाम | भ्याट र पि.एस. समेत कबोल अंक रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | KRM/SQ/goods /36/2079–080 | श्री विराट हेल्थकेयर इन्डस्ट्रिज प्रा. लि. बुढीगंगा-२ मोरङ | स्यानिटरी प्याड खरिद | रु. २०,६३,२१०.५ (भ्याट सहित) | |

**प्रमुख प्रशासकीय अधिकृत**



**एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौंको तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना**

**(प्रकाशित मितिः २०८०/०३/०१ को मध्यान्ह राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले क्रेडिट कार्ड (Credit Card) कर्जा/सुविधा अन्तर्गत उपभोग गर्नुभएको ऋणकर्जाको तोकिएको समयाबधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरू तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरूको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरूले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरू समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम नबुझाएमा तपाईहरूको नाम कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गरिने लगायतका अन्य कारवाहिहरूको प्रकृया थालनी गरिने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिल**

| क्र.स. | ऋणीहरूको तिनपुस्ते नाम र ठेगाना | क्र.स. | ऋणीहरूको तिनपुस्ते नाम र ठेगाना |
|---|---|---|---|
| १. | **पुनरसिंह राई**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ११-०१-७२-०१२६७ (२०७२/०५/१५/सोलुखुम्बु)<br>बाबुको नामः डम्बर बहादुर राई<br>बाजेको नामः देव बहादुर राई<br>ठेगानाः सोलुखुम्बु जिल्ला, धाकु गा.वि.स. वडा नं. ७ । | २. | **भुपेन्द्र प्रसाद पोखरेल**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ११८५७ (२०५८।०४।३२/झापा)<br>बाजेको नामः राधाकृष्ण पोखेल<br>बाबुको नामः पशुपतिनाथ पोखेल<br>ठेगानाः झापा जिल्ला, कोहबरा गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ८ । |
| ३. | **सुरज राना**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ८४३२(२०५५/०५/१४/ रुपन्देही)<br>बाजेको नामः कृष्ण बहादुर राना<br>बाबुको नामः श्याम बहादुर राना<br>ठेगानाः रुपन्देही जिल्ला, मोतीपुर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ३ । | ४. | **विनोद प्रसाद ओली**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ०५३१६४ (२०५३/११/०२/मोरङ)<br>बाजेको नामः शिवनिधि ओली<br>बाबुको नामः मेदिनी प्रसाद ओली<br>ठेगानाः मोरङ जिल्ला, सिजुवा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, उर्लावारी न.पा. वडा नं. ७ । |
| ५. | **सुमन शाक्य**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): १०९२१/१३९२१(२०४७/०७/१४/ सुनसरी)<br>बाजेको नामः चन्द्र बहादुर शाक्य<br>बाबुको नामः कृष्ण प्रसाद शाक्य<br>ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ५ । | ६. | **लालुमाया क्षेत्री**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ११३६९१ (२०५७/१२/१३/कास्की)<br>बाबुको नामः विर सिं क्षेत्री<br>ससुराको नामः होमनाथ लुइटेल<br>पतिको नामः शंकर लुईटेल<br>ठेगानाः कास्की जिल्ला, सिल्दुजुरे गा.वि.स. वडा नं. ८ । |
| ७. | **टिकाराम भण्डारी**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): २६०२५ (२०६१।०४।११/रूपन्देही)<br>बाजेको नामः लोक नाथ भण्डारी<br>बाबुको नामः महा शर्मा भण्डारी<br>ठेगानाः रूपन्देही जिल्ला, पर्रोहा गा.वि.स. वडा नं. १ । | ८. | **शोभा देवी यादव**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): १७३०१२/६१५ (२०६३।११।२४/धनुषा)<br>बाबुको नामः बौकु यादव<br>ससुराको नामः राजकुमार लखनदेई यादव<br>पतिको नामः रविन्द्र कुमार यादव<br>ठेगानाः धनुषा जिल्ला, विसरभोरा गा.वि.स. वडा नं. ५ । |
| ९. | **टोप बहादुर नेपाली**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ७६१ (२०५०/०३/२९/दैलेख)<br>बाजेको नामः ईन्द्र बहादुर नेपाली<br>बाबुको नामः लुछाराम नेपाली<br>ठेगानाः दैलेख जिल्ला,नारायण न.पा, वडा नं. ०१ । | १०. | **प्रताप सिह चौधरी**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ६७३०२८/९४(२०६३/१०/०३/कैलाली)<br>बाजेको नामः फुलराम चौधरी डा.थारु<br>बाबुको नामः ठाकुर दास चौधरी<br>ठेगानाः कैलाली जिल्ला, पहलमानपुर गा.वि.स. वडा नं. ३ । |
| ११. | **तेजेन्द्र महत**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ९८२ (२०४५।०१।१४/तनहुँ)<br>बाजेको नामः डिल बहादुर महत<br>बाबुको नामः कृष्ण बहादुर महत<br>ठेगानाः तनहुँ जिल्ला, शुक्ला गण्डकी न.पा. वडा नं. ८ । | १२. | **विजय कुमार सत्याल**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): १३२४/०१८४(२०४५/बारा)<br>बाजेको नामः टंक नाथ सत्याल<br>बाबुको नामः नारायण प्रसाद सत्याल<br>ठेगानाः बारा जिल्ला, कलैया न.पा. वडा नं. १८, मोतिसार । |
| १३. | **कृष्ण सागर देव**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): १६१००१/४३२ (२०६४।०७।२७/सप्तरी)<br>बाजेको नामः भिरो लाल देव<br>बाबुको नामः शिव कुमार देव<br>ठेगानाः सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ९ । | १४. | **शतिश कुमार शर्मा**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): १६९५१ (२०४७।०६।०५/मोरङ)<br>बाजेको नामः राम सेवक शर्मा<br>बाबुको नामः सुरेन्द्र नारायण शर्मा<br>ठेगानाः मोरङ जिल्ला, विराटनगर न.पा. वडा नं. ६ । |
| १५. | **सुश्री लक्ष्मी राई**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): १७३०३/०५१५९ (२०५८।१०।२५/सुनसरी)<br>बाजेको नामः राम बहादुर राई<br>बाबुको नामः टेक बहादुर राई<br>ठेगानाः सुनसरी जिल्ला, धरान न.पा. वडा नं. १६ । | | |

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank, The Netherlands
Member of: Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५००८७०८/०९,
**Ext.** १०७, १०४



**बीमालेख हराएको सूचना**

बसुन्धराबाट न्यूरोड जाने क्रममा मेरो निम्न ब्यहोराको नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडको बीमालेख हराएको हुँदा पाउनुहुने हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नामः- राम कुमार चौधरी**
**पोलिसी नं.:- १३०००३९६९**
**मोवाइल :- ९८४८१९८३८१४**



नेपाल सरकार
शहरी विकास मन्त्रालय
**सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय**
सानोगौचरन, काठमाडौं

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशन मिति :२०८०।०३।०१

यस कार्यालय अन्तर्गतका तपसिलमा उल्लेखित कार्यको लागि प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रितपूर्वक प्राप्त हुन आएका बोलपत्रहरुमध्ये यस कार्यालयको निर्णयानुसार तपसिल बमोजिमका बोलपत्र न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि छनोट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू. अ. कर बाहेक) | ल. ई. भन्दा घटी वा बढी |
|---|---|---|---|---|---|
| 1 | FSCMO/11-079/80 (Works) | Construction and Maintenance Works at Narayanhiti (Old building of Department of Passport) for Niti Anusandhan Pratisthan and other offices, Narayanhiti, Kathmandu | Nawa Nirman and Consultancy Sewa Pvt. Ltd., Kathmandu | 1,31,93,221.85 | 30.17% घटी |

**सुपरिटेण्डेण्ट इन्जिनियर**

# ईसनाथ नगरपालिकाको एक वर्षे उपलब्धि सार्वजनिक

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, ३२ जेठ



ईसनाथ नगरपालिकाले पछिल्लो एक वर्षमा गरेको कामको उपलब्धि सार्वजनिक गरेको छ ।

नगरपालिकाले सार्वजनिक सुनुवाई कार्यक्रममार्फत एक वर्षमा भएका उपलब्धिहरु सार्वजनिक गरिएको हो । सार्वजनिक सुनुवाईका क्रममा जनताले नगरप्रमुखमाथि प्रश्न गरेका थिए । सो अवसरमा नगरप्रमुख कौशल्या देवीले जनताले राखेको जिज्ञाहरुको जवाफ दिएकी थिइन् ।

उनले आफु नगरप्रमुखमा निर्वाचित भएपछि प्रशासकीय भवन निर्माण गराएको, ईशनाथ मन्दिर आगाडिका अतिक्रमण हटाइ सडक फराकिलो तथा व्यवस्थित गराएको, एक सय १७ जना वेरोजगार युवयुवतीलाई लोकसेवाको तयारी कक्षामा सहभागी गराएको, विभिन्न वडाका रहेका विद्यालयमा नयाँ भवन निर्माण तथा नगरको २३ वटै विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गराउनको साथै सडक ढलान, नाला निर्माणका कार्यलाई स्तरीय ढंगले सञ्चालन गराएको बताइन् ।

स्वास्थ्य संस्थाले विगतमा दिँदै आएको सेवाभन्दा सुधारको स्थितिमा ल्याइ जनताले खोजे जस्तो सेवा प्रवाह गरेको, स्वास्थ्य संस्थामा ल्याव व्यवस्थापन, भिडियो एक्सरे लगायतका सेवा सुचारु भएको नगर प्रमुख कौशल्या देवीले बताइन् । नगर उपप्रमुख मो.प्रवेजले जनताले नगरपालिकासँग गरेको अपेक्षा अनुरुप न्यायिक समितिले निष्पक्ष, विना भेदभावरहित तरिकाले काम गरिरहेको बताए । उनले २३ वटा मुद्दा दर्ता, करिब एक सयको संख्यामा मुद्दा विचारधिन अवस्थामा रहेको, सोही संख्यामा घरदैलोमै गएर मिलापत्र गराएको पनि उनले बताए ।

प्रमुख प्रशासकीय अधिकृत भुदेव झाले प्रधानमन्त्री स्वरोजगार कार्यक्रममार्फत नगरका सबै वडाका सूचीकृत मजदुरलाई रोजगारी दिएर कुलो-नाला सफाई कार्यमा खटाइएको बताए । सबै कार्य नगरपालिकाले नै गरिदिन्छ भनेर भर नपर्न नगरबासीलाई उनले अनुरोध गर्दै आ-आफ्ना घर आगाडिका फोहर हुन नदिइ सफा राख्न सचेत गराए । आगामी आर्थिक वर्षदेखि हरेक चौमासिकमा एक पटक अनिवार्य रुपमा सार्वजनिक सुनुवाई आयोजना गर्ने प्रमुख प्रशासकीय अधिकृत झाले प्रतिवद्धता जनाए ।

जनतालाई हुने सेवा प्रवाहमा ढिल्लासुस्ती वा कुनै कमिकमजोरी भए जानकारी गराउन समेत नगरवासीसँग उनले आग्रह गरे । वडा नम्बर २ का वडा अध्यक्ष धर्मेन्द्र साहको अध्यक्षतामा भएको कार्यक्रममा योजना शाखा प्रमुख महमद इसराजुल, प्राविधिक शाखा प्रमुख, नविराज मिश्र, लेखा प्रमुख मनोज कुमार ठाकुरले आफ्ना सरोकारसँग जनताले उठाएका सवालका जवाफ दिएका थिए । जनताले विद्यालयमा वाइफाइले विद्यार्थीका पढाइमा परेका नकारात्मक असर, मिटरव्याजीलाई मुद्दा लगाउँदा ऋण पाउन गाह्रो भएको लगायतका गुनासाहरु उठाएका थिए । स्थानीय सुरक्षा निकायका प्रमुख, शिक्षक, शिक्षाप्रेमी, समाजसेवी, महिला नेतृ, विभिन्न राजनीतिक दलका प्रतिनिधिको रोहवरमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको हो ।

# चेक बाउन्सको आरोपमा नौगाड-४ का वडाध्यक्ष धामी पक्राउ

**दिपक बाबू साउँद/मध्यान्ह**
दार्चुला, ३२ जेठ



खातामा रकम नभएको चेक दिएर ठगी गरेको आरोपमा दार्चुलाको नौगाड गाउँपालीका वडा नं ४ का वडा अध्यक्ष पक्राउ परेका छन् । चेक बाउन्सको आरोपमा नौगाड-४ का वडाध्यक्ष कृष्णसिंह धामी कैलालीबाट पक्राउ परेका हुन् ।


उनले आफ्नै नाममा रहेको ग्लोबल आइएमई बैंकको ३० लाखको चेक कैलाली बस्ने टेक कुँवरलाई दिएका थिए । तर उक्त खातामा रकम नै नभएको थाहा पाएपछि कुँवरले प्रहरीमा उजुरी दिएका थिए । सोही उजुरीपछि धामीलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय मालाखेतीका डीएसपी गणेश बरालले मध्यान्हलाई जानकारी दिए ।

वडाध्यक्ष धामीलाई उच्च अदालत दिपायलको अनुमतिमा गत चैत ७ गते पक्राउ गरिएको थियो । तर उनलाई हाजिर जमानीमा छाडिएको थियो ।

त्यसपछि पुनः अदालतले पक्राउ गर्न आदेश दिएपछि धामीलाई जेठ २५ गते पक्राउ गरिएको प्रहरी स्रोतले जानकारी दिएको छ । उनलाई मालाखेती, अत्तरियाको थुनामै राखेर थप अनुसन्धान गरिरहेको प्रहरीले बताएको छ ।

# सडक बनाएको दुई महिनामै बिग्रियो

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ३२ जेठ



रुकुम पश्चिम बाफिकोट गाउँपालिकास्थित सडक बनाएको दुई महिनामै बिग्रिएको छ । बाफिकोट गाउँपालिका वडा नं ४ मा रहेको बालुवाचौर-खोलिबडगाउँ-स्यार्पुदह सडकखण्ड बनाइएको दुई महिनामै बिग्रिएको स्थानीय दलजित खत्रीले बताए । सडक बिग्रिँदा स्थानियलाई आवातजावतमा समस्या भएको छ ।

दुई महिना अगाडि प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत सडक निर्माण गरिएको थियो । प्रधानमन्त्री रोजगारको १५ लाख बजेटबाट सडक निर्माण गरिएको थियो ।

उक्त सडकखण्डमा मोटरसाइकल र साना गाडी गुडाउन पनि धौधौ हुने गरेको अर्का स्थानीय खम्मे खत्रीले बताए । सडक मर्मत गर्दा लापरबाही गरिएका कारण चाँडो सडक बिग्रिएको स्थानीयहरु बताउँछन् ।

# मालिका गाउँपालिकाको आफ्नै पाठ्यपुस्तक



**सुमन महतारा/मध्यान्ह**
गुल्मी, ३२ जेठ

गुल्मीको मालिका गाउँपालिकाले 'हाम्रो मालिका' नामक स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण गरेको छ । कक्षा १ देखि ८ सम्मका लागि गाउँपालिकाले 'हाम्रो मालिका' नामक पुस्तक निर्माण गरेको गाउँपालिका शिक्षा शाखा प्रमुख भुमबहादुर घर्तीले जानकारी दिए ।

मालिका गाउँपालिका चिनारी, यहाँ प्रचलित धर्म, संस्कृति, परम्परा, स्थानीय पेसा, व्यावसाय, प्रविधि, स्वास्थ्य, सरसफाइ, योग, जडिबुटी, सकारात्मक व्यावहार परिवर्तन, सूचना, सञ्चार, व्यावहारिक लेखन, विपद र जोखिमलगायतका विविध विषयवस्तु समेटर पुस्तक निर्माण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विकास खनालले बताए ।

त्यस्तै गाउँपालिका अध्यक्ष देवीराम अर्यालले पुस्तक निर्माणमा सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद व्यक्त गरेका छन् । उनले स्थानीय पाठ्यक्रम निर्माणले गाउँपालिकाको परम्परा, रहनसहन, संस्कार, संस्कृति, सरसफाइ, व्यावहार परिवर्तन शिक्षाजस्ता विभिन्न विषयको बारेमा १ दखि ८ सम्म पढ्ने विद्यार्थीले जानकारी पाउने र प्रभावकारी हुने बताए ।

गाउँपालिकाले पालिकाभित्रका निजी र सरकारी विद्यालयका लागि ४ हजार पुस्तक छापेको छ । गाउँपालिकाले पाठ्यक्रम निकाल्न गत वर्षदेखि शुरु गरेको हो भने यस शैक्षिक सत्रबाट लागू गरेको हो ।

**निगाले-वाउपानी-मूर्मा सडक आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशन मितिः २०८०/०३/०१**

कर्णाली प्रदेश, मुगु जिल्ला, छायाँनाथ रारा नगरपालिका, सोरु गाउँपालिका र खत्याड गाउँपालिकामा खत्याड गाउँपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | खत्याड गाउँपालिका, गाउँपालिकाको कार्यालय, मुगु, कर्णाली प्रदेश, नेपाल |
| **प्रस्तावको व्यहोरा** | १३.८०७ कि. मि. सडक खण्ड निर्माण गर्ने |
| **प्रभाव पर्न सक्ने जिल्ला/ गा.पा.** | छायाँनाथ रारा नगरपालिकामा, वडा नं. ९<br>सोरु गाउँपालिका, वडा नं. ८<br>खत्याड गाउँपालिका, वडा नं. १<br>मुगु जिल्ला |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण गर्ने (Scoping) क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव भनी यकिन गर्न सो स्थानको तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | खत्याड गाउँपालिका, गाउँपालिकाको कार्यालय,<br>रामतडी, मुगु, कर्णाली प्रदेश,<br>ई-मेलः info@khatyadmun.gov.np<br>फोन नं. 9868299243 |
| **परामर्शदाता नाम र ठेगाना** | सजोनित इंजिनियरिंग कंसल्टेंसी प्रा. लि.,<br>कुसुम्ती-१३, ललितपुर<br>ई-मेलः sajonit.consultancy.pvt.ltd@gmail.com<br>फोन नं. ९८५११९८२२८ |

## Geruwa Rural Municipality
## Office of the Rural Municipal Executive
**Pashupatinagar, Bardiya**

**Invitation of Bids for the following works**

**Date of Second Notice Publication:- 2080/03/01**

1. The Geruwa Rural Municipality invites electronic bids from eligible bidders for the following works.

| S.N. | Contract ID no | Description of works | Bid Security Amount (Nrs) | Bid Document Fee (Nrs) | Remarks |
|---|---|---|---|---|---|
| 1 | Goods/GRM/SQW/03/2079-080 | Supply and Delivery of Medicine, Medical and Surgical Equipment | 35,000.00 | 1,000.00 | Goods, Sealed Quotation |

2. Only Electronics bidding through www.bolpatra.gov.np/egp is permitted. Elligible bidders may obtain further information from Geruwa RM and email:- geruwamun@gmail.com/contact:-9868252424, 9858038124 or may visit PPMO website www.bolpatra.gov.np/egp. Bid Submission Date is 2080/03/17 Till 12:00 and Bid Opening on Same day at 14:00. bidders should deposit the cost involves in the projects account as specified below.

| Bank | Revenue Account | Dharauti Account | Bid Security Validity Period |
|---|---|---|---|
| Nepal Investment Mega Bank Ltd, Geruwa Branch | 17201400000109 | 17201400000062 | 120 days after Bid opening Date |

3. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
4. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and other prevailing rules and regulations.

**कुमारी बैंक लिमिटेड शाखा कार्यालय हरिवन, सर्लाहीको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना**

(प्रकाशित मिति २०८०/०३/०१ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय हरिवन, सर्लाहीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

**तपसिल**

**१. ऋणीको विवरणः**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, प्रदेश सरकार (प्रदेश नं. २), उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग,वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही, मलंगवामा मिति २०७६/०५/२५ मा प्रा.फ.नं. ७३१२/०७६/०७७ कायम भई दर्ता रहेको सर्लाही जिल्ला, हरिवन न.पा.वडा नं. ११ स्थित रजिष्टर्ड कार्यालय रहेको **मित्र फेन्सी स्टोर** (प्रोप्राइटर सोभीतमान भुजेल/मैया भुजेलको नाति, दिलीप कुमार भुजेल/मुगा माया भुजेलको छोरा, रिता भुजेलको पति, (साबिक सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ०१), हाल सर्लाही जिल्ला हरिवन न.पा. वडा नं. ०८ बस्ने **मित्र लाल भुजेल** (ना.प्र.नं. **३६४१०६९३** जारी मिति २०५६/१२/२०, जिल्ला प्रशासन कार्यालय सर्लाही) ।

**व्यक्तिगत जमानीकर्ताको विवरणः**


१. सोभीतमान भुजेल/मैया भुजेलको नाति, दिलीप कुमार भुजेल/मुगा माया भुजेलको छोरा, रिता भुजेलको पति, (साबिक सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ०१), हाल सर्लाही जिल्ला हरिवन न.पा. वडा नं. ०८ बस्ने **मित्र लाल भुजेल** (ना.प्र.नं. **३६४१०६९३** जारी मिति २०५६/१२/२०, जिल्ला प्रशासन कार्यालय सर्लाही)।
२. लाहुरे भुजेलको नातिनी, उत्तम कुमार भुजेल/कृष्णमाया भुजेलको छोरी, दिलीप कुमार भुजेल/मुगा माया भुजेलको बुहारी, मित्र लाल भुजेलको पत्नी काभ्रे जिल्ला, नासिकास्थान गा.वि.स वडा नं ०१ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ०८ बस्ने **रिता भुजेल** (ना.प्र.नं. **३०१०४०/१७३५३७**, जारी मिति २०६५/०७/२७, जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोक) ।
३. नुर बहादुर भुजेलको नाति, सोभीतमान भुजेल/मैया भुजेलको छोरा, मुगामाया भुजेलको पति ओखलढुङ्गा जिल्ला, ओखलढुङ्गा गा.वि.स वडा नं ०३ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ०८ बस्ने **दिलीप कुमार भुजेल** (ना.प्र.नं. **३६३**, जारी मिति २०३८/०१/०५, जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गा)
४. हिरा बहादुर भुजेलको नातिनी, मगल बहादुर भुजेल/कृण माया भुजेलको छोरी, सोभीतमान भुजेल/मैया भुजेलको बुहारी, दिलीप कुमार भुजेलको पत्नी ओखलढुङ्गा जिल्ला, ओखलढुङ्गा गा.वि.स वडा नं ०३ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ०८ बस्ने **मुगा माया भुजेल** (ना.प्र.नं.४८, जारी मिति २०४२/०६/१४, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)

**धितो सुरक्षणको विवरणः**

१. **दिलीप कुमार भुजेलको** नाममा मालपोत कार्यालय, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ४/क स्थित कित्ता नं. २२७१ को क्षेत्रफल ०–३–०–० (बि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
२. ऋणी **मित्र फेन्सी स्टोरको** सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय हरिवन, सर्लाही फोन नं.०४६-५३०२८७**



मध्यान्ह
www.madhyanhadaily.com
१ असार २०८०, शुक्रबार
16 June 2023, Friday

सम्पादकीय

# कूटनीतिक पहलकदमीको खाँचो

काठमाडौं महानगरका मेयर बालेन्द्र शाहले हिन्दी चलचित्र 'महापुरूष'मा प्रयुक्त 'जानकी भारतीय छोरी हुन्' भन्ने शब्द नहटाए अरू हिन्दी चलचित्र प्रदर्शनमा समेत रोक लगाउने चेतावनी दिएका छन् । तीन दिनभित्र उक्त शब्द चलचित्रबाट नहटाए काठमाडौंमा अरू हिन्दी चलचित्र प्रदर्शनमा समेत रोक लगाउने उनले चेतावनी दिएका छन् । यसअघि चलचित्र विकास बोर्डले उक्त शब्द नहटाए जाँचपास प्रमाणपत्र दिन अस्वीकार गरेको थियो । विकास बोर्डले लिएको निर्णयले उक्त चलचित्र प्रदर्शन गर्न ती शब्द हटाउन अनिवार्य थियो । किनकि जाँचपास नपाएसम्म चलचित्र प्रदर्शन हुन सक्दैन, चलचित्र प्रदर्शनको प्रक्रिया नै त्यही हो । तर मेयर बालेनले दिएको चेतावनीलाई चाहिँ बढी महत्वका साथ प्रचार भइरहेको देखिन्छ ।

मेयर बालेनको चेतावनी अहिलेको भारतीय संस्थापनको मनोविज्ञानकै जवाफ जस्तो देखिन्छ । किनकि भारतीय जनता पार्टी (भाजपा) नेतृत्वको भारतीय संस्थापनले हिन्दू धर्मलाई प्रोत्साहन गर्नेगरी चलचित्र निर्माण हुने बातावरण सिर्जना गरिरहेको छ । यसअघि भारतको आन्तरिक राजनीतिलाई असर पार्नेगरी केही चलचित्र बनिसकेको छ, जसको भारतीय संस्थापनले खुलेर प्रशंसा गरेको छ । चलचित्र मात्रै नभएर हिन्दू धर्म एजेण्डा बन्नेगरी अनेक गतिविधि भाजपाका नेताहरूले गरिरहेका छन् । भर्खरै भारतीय संसदको नयाँ भवनभित्र राखिएको 'अखण्ड भारत'को मुरल विवादित बनेको थियो । त्यो मुरलमा नेपालको कपिलवस्तु र लुम्बिनी अनि पाकिस्तानका भूमि समेत उल्लेख छ । जसको नेपालमा चर्को विरोध भइरहेको छ । यति मात्रै नभएर अहिलेको भारतीय संस्थापनले जम्मु–काश्मिरको नक्सा समेट्ने क्रममा केही वर्ष अगाडि भारतले नेपालको लिम्पियाधुरा सहितको भूमि समेटेका थिए । जसको प्रतिवादमा नेपालले लिम्पियाधुरा सहितको भूमि समेटेर नयाँ नक्सा जारी गरिसकेको छ ।

यी घटनाक्रमको अर्थ भारतीय संस्थापन धर्ममा राजनीति गर्ने र मत ल्याउने लोकरिझाइमा बढी जोड गरिरहेको छ । त्यसको प्रतिवादमा नेपालका तर्फबाट केही कदम भइसकेको छ । प्रधानमन्त्रीकै हैसियतमा केपी शर्मा ओलीले दुई वर्ष अगाडि भगवान रामको जन्मभूमि नेपाल भएको अभिव्यक्ति दिएका थिए । ओलीले यसअघि पनि भारतीय नाकाबन्दीविरूद्ध कठोर अडान लिएका थिए । यसरी दुवैतर्फबाट दीर्घकालीन र उपयुक्त माध्यमबाट समाधानको खोजी गरिनु भन्दा पनि राष्ट्रवादी लोकरिझाइ प्रकट भइरहेको प्रष्ट हुन्छ । तर छिमेक फेर्न नसकिने तथ्य हेक्का राखेर एकअर्का देशको सार्वभौमकतालाई सम्मान गर्नेगरी दीर्घकालीन समाधान खोजिन जरूरी छ । त्यो समाधानको बाटो कूटनीतिक पहलकदमी लिनु नै हो । जुन अवसर भर्खरै भारत भ्रमण गरेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गुमाएका छन् । तर फेरि पनि कूटनीतिक पहलकदमी नै दुई मुलुकबीच देखिने समस्याको दीर्घकालीन समाधान हो ।

# बजेटको प्रवृत्ति र कार्यान्वयन पक्ष

अग्रलेख



● डा. दीपेन्द्र रोकाया

हरेक वर्ष सरकारको नीति तथा कार्यक्रम सुन्दा अब त केही हुन्छ कि ! जस्तो लाग्छ । पूर्वाधार विकास कार्यक्रम सुनेर दूरदराजमा बस्ने नेपालीले पनि संविधानले प्रदान गरेको शिक्षा, स्वास्थ्य, रोजगार र खाद्य सम्प्रभूताको अधिकार उपयोग गर्न पाउनेछन् । उनीहरुलाई आफ्नो गाउँ पनि अब राष्ट्रिय सडक सञ्जालमा जोडिने छ भन्ने लाग्छ । तर, वर्षौंदेखि उनीहरुका सपना यसरी नै हरेक वर्ष देखिने गर्छ र कार्यान्वयनमा आउँदैन । घोषणा भाषणमै सीमित हुने गर्छ । आर्थिक वर्ष २०८०/८१ का लागि राष्ट्रपति रामचन्द्र पौडेलले वर्तमान सरकारको ३४ पृष्ठ लामो १८८ बुँदे वार्षिक नीति तथा कार्यक्रम यही जेठ ५ गते दिउँसो सार्वजनिक गरे । यही लयमा अर्थमन्त्री डा. प्रकाशशरण महतले १० दिनपछि वार्षिक बजेट रु १७ खर्ब ५१ अर्ब ३१ करोडको बजेट प्रस्तुत गरे । सरोकारवालाहरुले सार्वजनिक रूपमा टिप्पणी गरिरहँदा नेपाल विकास अनुसन्धान प्रतिष्ठानको आर्थिक विकास विभागमा दुई हप्ता छलफल भयो । आव २०७०/७१ देखि २०७९/८० सम्मको नेपाल सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट पुस्तिका हेर्दा सुनिएको र देखिएको नीति तथा कार्यक्रम र बजेटको मूल प्रवृत्ति र प्रगति हेरियो ।

सुरुमा नेपालको बजेट तर्जुमाको थालनी २००८ सालमा सुरु भएको थियो । उतिबेला आम्दानीको प्राथमिक स्रोत जग्गा कर, भन्सार र वन थियो भने अनुमानित राजस्व तीन करोड पाँच लाख थियो । खर्च चाहिँ सार्वजनिक प्रशासन सेवा, रक्षा र विविध गरी मुख्य तीन भागमा विभाजन गरिन्थ्यो । त्यो बजेटको कुल खर्च पाँच करोड २५ लाख भएको थियो । नेपालको पहिलो आर्थिक बजेट २००८ माघमा र २००९ को पुसमा आर्थिक वर्ष निर्धारण गरिएको थियो । त्यसपछिका वर्षहरुमा असार र साउनलाई आर्थिक वर्ष मान्ने गरिएको छ । आव २०७०/७१ मा पाँच अर्ब १७ अर्ब २४ करोडको बजेट आएको थियो । सरकारको वास्तविक खर्च चार अर्ब ३५ अर्ब पाँच करोड भएको थियो । यस्तै, आव २०७१/७२ मा १४ पृष्ठ लामो १०६ बुँदे वार्षिक नीति तथा कार्यक्रम र १२५ पृष्ठको १६२ बुँदामा रु छ खर्ब १८ अर्ब १० करोडको बजेट आयो । सरकारको वास्तविक खर्च पाँच अर्ब ३१ अर्ब ३३ करोड भएको देखियो । यसैगरी, २०७२/७३ मा १९ पृष्ठ लामो ११२ बुँदे वार्षिक नीति तथा कार्यक्रम र १२६ पृष्ठको २५३ बुँदामा आठ खर्ब १९ अर्ब ४६ करोड ८८ लाख ८४ हजारको बजेट प्रस्तुत भयो । वास्तविक खर्च छ अर्ब एक अर्ब तीन करोड भयो ।

यही प्रक्रियामा आव २०७३/७४ वार्षिक बजेट १० खर्ब ४८ अर्ब ९२ करोड १३ लाख ५४ हजारको आएको थियो । सरकारको वास्तविक खर्च आठ अर्ब ३७ अर्ब ५४ करोड भएको थियो । आव २०७४/७५ मा १२ खर्ब ७८ अर्ब ९९ करोड ४८ लाख ५५ हजारको बजेट आएको थियो । त्यसबेला वास्तविक खर्च १० अर्ब ८७ अर्ब २७ करोड भएको थियो । यस्तै, आव २०७५/७६ मा रु १३ खर्ब १५ अर्ब १६ करोड १७ लाखको बजेट आयो । वास्तविक खर्च रु ११ अर्ब १० अर्ब ४५ करोड भएको थियो ।

यस्तै, आव २०७६/७७ मा रु १५ खर्ब ३२ अर्ब ९६ करोड ७१ लाखको बजेट आयो । वास्तविक खर्च १० अर्ब ९१ अर्ब ३३ करोड भएको थियो । यसैगरी, आव २०७७/७८ मा रु १४ खर्ब ७४ अर्ब ६४ करोड ५४ लाखको बजेट आएको थियो । त्यस वर्षको वास्तविक खर्च रु ११ अर्ब ९६ अर्ब ६७ करोड भएको थियो । आव २०७८/७९ मा रु १६ खर्ब ४७ अर्ब ५७ करोड ६७ लाखको बजेट आएको थियो । कोभिड महामारीको बेलामा वास्तविक खर्च १३ अर्ब १० अर्ब भएको थियो । आर्थिक वर्ष २०७९/८० मा रु १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाखको बजेट प्रस्तुत भएको थियो । असारसम्ममा रु १५ अर्ब ४९ अर्ब ९९ करोड बजेट खर्च गर्ने अनुमान गरिएको छ ।

उपरोक्त तथ्य बुझ्न नेपालको बजेटलाई चालू खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था हेर्नपर्ने हुन्छ । चालु खर्चमा प्रमुखतः कर्मचारीलाई प्रदान गरिने पारिश्रमिक/सुविधा, कर्मचारीको सामाजिक सुरक्षा, सेवा महसुल, पुँजीगत सम्पतिको सञ्चालन र सम्भार खर्च, कार्यालय सामग्री, भ्रमण, आन्तरिक तथा बाह्य ऋणको ब्याजदर जस्ता खर्चहरु समावेश हुन्छन् । पुँजीगत खर्चमा भवन तथा संरचना, सार्वजनिक निर्माण, सवारी तथा मेशिनरी खर्च, सुरक्षा उपकरण प्राप्ति खर्च जस्ता खर्चहरु समावेश हुन्छन् । वित्तीय व्यवस्थामा खुद ऋण लगानी, खुद सेयर लगानी, ऋणपत्र मार्फत



> आकार बढेको भएपनि विनियोजित बजेटको औसत ८२ प्रतिशत मात्रै सरकारले खर्च गर्न सकेको देखिन्छ । एक दशकको वास्तविक खर्चको औसत वृद्धिदर हेर्ने हो भने लगभग १६ प्रतिशत छ । तर वास्तविक खर्चको वृद्धिदरलाई प्रचलित मूल्य र स्थिर मूल्यमा हेर्दा, प्रचलित खर्चको वृद्धिदर बढ्दै गएको देखिएता पनि स्थिर खर्चमा भने खासै वृद्धि भएको देखिँदैन ।

प्राप्त ऋण सावाँ भुक्तानी, वैदेशिक ऋण सावाँ भुक्तानी जस्ता खर्चहरु समावेश हुन्छन् ।

नेपालको बजेटको आकार तीब्र गतिले वृद्धि भएको देखिन्छ । तर बिनियोजित बजेटको औसत ८२ प्रतिशत मात्रै सरकारले खर्च गर्न सकेको देखिन्छ । पछिल्लो प्रवृतिलाई हेर्दा यो आवमा पनि बिनियोजित बजेटभन्दा वास्तविक खर्च घट्ने देखिन्छ । एक दशकको वास्तविक खर्चको औसत वृद्धि दर हेर्ने हो भने लगभग १६ प्रतिशत छ । तर वास्तविक खर्चको वृद्धि दरलाई प्रचलित मूल्य र स्थिर मूल्यमा हेर्दा, प्रचलित खर्चको वृद्धिदर बढ्दै गएको देखिए तापनि स्थिर खर्चमा भने खासै वृद्धि भएको देखिँदैन ।

खर्चको प्रवृत्ति हेर्दा कुल खर्चको अत्यधिक हिस्सा लगभग ६७ प्रतिशत खर्च चालु खर्चमा गएको देखिन्छ । यस्तै १५ देखि २० प्रतिशत मात्र विकास निर्माण कार्यमा खर्च भएको देखिन्छ । चालु खर्चले प्रत्येक वर्षमा पुँजीगत खर्चलाई निरन्तर उछिनेको छ । यसबाट के कुरा थाहा हुन्छ भने सरकार दीर्घकालीन लगानीभन्दा तलब, मर्मतसम्भार र प्रशासनिक खर्चमा अल्मलिनुका साथै परिवर्तनकारी परियोजनाहरूमा पर्याप्त स्रोतहरू विनियोजन गर्न सकिरहेको देखिँदैन । यसैले देश कसरी विकास हुन सक्छ र ?

कूल खर्चमा राजस्वको योगदान औसत ६० प्रतिशतका साथ स्थिर रहेको छ । बाँकी रकम परिपूर्तिका लागि अन्य क्षेत्रसँग निर्भर हुनु परेको देखिन्छ । ऋणको भार बढ्दो छ । सहायता घट्दो छ । बजेटको आकार बढ्दो छ । बढ्दो बजेटसँगै राजस्वको योगदान बढ्न नसक्नु र सहायता घट्दै जाँदा, त्यस अन्तरलाई परिपूर्ति गर्न ऋणको मात्रा बढेको देखिन्छ । यसरी बढ्दो बजेटको आकारले ऋणको बोझ बढ्दै गएको देखिन्छ । नेपाली मुद्राको अवमूल्यनले ऋणको दायित्व बढेको छ । गत चैत मसान्तसम्ममा नेपालको कुल ऋण २१ खर्ब पाँच अर्ब रूपैयाँ पुगेको छ ।

बजेटको आकारलाई हेर्दा हामीले निरन्तर वृद्धि भएको देख्न सक्छौं । तर, राजस्वले यी खर्चसँग तालमेल राख्न सकेको देखिँदैन । फलस्वरूप, यी लागतहरू पुरा गर्न ऋण र सहायतामा निर्भर हुनु परेको छ । सहायता घट्दो छ भने लक्षित ऋण पनि उठाउन सकिएको देखिँदैन । वर्तमान आर्थिक वृद्धि दर केवल दुई प्रतिशत छ । जबकी मुद्रास्फीति लगभग ७.७६ प्रतिशत छ । यस्तो अवस्थामा सरकारले बजेट कार्यान्वयनका लागि आवश्यक समय सीमाभित्र पर्याप्त राजस्व उठाउन निकै ठूलो मेहनत गर्नुपर्ने देखिन्छ ।

यो पृष्ठभूमिमा प्रचण्ड सरकारले अर्थतन्त्रलाई गतिशील बनाई फराकिलो, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने, गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्ने, लगानी मैत्री वातावरण निर्माण गरी निजी क्षेत्रको मनोबल उच्च पार्ने, आय तथा रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने, समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने, संघीयताको सबलीकरण र सुशासन कायम गर्ने र बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्य लिएको पाइन्छ ।

यसैगरी, सरकारले कृषि, ऊर्जा र पर्यटन क्षेत्रको विकास, लगानी प्रवर्द्धन, औद्योगिक विकास र व्यापार सन्तुलन, सामाजिक क्षेत्रको विकास र सामाजिक सुरक्षा, गुणस्तरीय भौतिक पूर्वाधार निर्माण, डिजिटल र हरित अर्थतन्त्रको प्रवर्द्धन, वातावरण संरक्षण, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, मानव संशाधन विकास र रोजगारी सिर्जना, वित्तीय क्षेत्र सुधार, वित्तीय संघीयताको सुदृढीकरण र सेवा प्रवाहमा सुधार र सार्वजनिक वित्त प्रणालीमा सुधारजस्ता प्राथमिकता अगाडि सारेको पाइन्छ ।

सरकारले ल्याउने नीति तथा कार्यक्रम वार्षिक योजना हो । यसैमा टेकेर ल्याइने वार्षिक बजेट नै सरकारको कार्यान्वयन रूप हो । अहिलेसम्म सत्तामा पुग्ने दलहरुले निर्वाचनका बेला गरेको प्रतिबद्धता नीति तथा कार्यक्रममा हुबहु ल्याउन सकेको देखिँदैन । जति नीति तथा कार्यक्रममा व्यक्त हुन्छ, त्यही मात्रामा बजेटमा सम्बोधन गर्न सकेको पाइँदैन । यो कार्यान्वयन तहमा पुग्दा थोरै सम्पादन भएको पाइन्छ। यसैले राजनीति र सार्वजनिक प्रशासनप्रति जनविश्वास गुम्दै गएको देखिन्छ ।

नेपालको मानव विकासमा सुधार ल्याउने हो भने आयु बढाउन स्वास्थ्य क्षेत्रमा लगानी गर्नुपर्छ । दक्ष जनशक्ति निर्माण गर्न र आम्दानी बढाउन रोजगारमूलक शिक्षा दिनैपर्छ । निजी क्षेत्रलाई प्रोत्साहित गर्नैपर्छ । नेपालमा युवाहरु धेरै छन् । युवाहरु देशका इन्जिन हुन् । करिब दुई दशक यता नेपाली युवाहरुले माध्यमिक तहसम्म कहिल्यै फेल नहुने शिक्षा पाएका छन् । उनीहरु रोजगारी चाहन्छन् । बजारले दक्ष जनशक्ति खोजेको छ । तर कोरा प्रमाण पत्रको भारी बोक्न बाध्य युवाहरुले अदक्ष कामदारकै रूपमा देश छोड्नु परिरहेको छ । अमेरिका र युरोपमा कमाउने भन्दा आधा मात्र कमाई नेपालमै हुने हो भने त्यहाँ पुगेका नेपालीहरु पनि देशमै फर्कनेवाला छन् ।

यो दशकमा सरकार शान्ति र संविधान निर्माण, भूकम्पका कारण क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, कोभिड महामारी नियन्त्रण हुँदै उत्पादन र रोजगारमा केन्द्रित भएको पाइन्छ । नीतिगत रूपमा देशले गन्तव्य खोजिरहेको छ । तर बजेट निर्माण गर्दा धरातलीय यथार्थतामा नटेक्ने र कार्यान्वयनमा कमजोर कार्य सम्पादन हुनुले लक्ष्य भेटाउन सकेको देखिंदैन । यसो भन्दैमा निराश पनि भइहाल्नु हुँदैन ।

नेपालको प्रकृतिलाई बचाउन हिमाल बचाउँ, नदी जोगाउँ, चुरे संरक्षण गरौं । मानव समाज समृद्ध बनाउन 'बालबालिकालाई लगानी, युवालाई रोजगारी र ज्येष्ठ नागरिकलाई सम्मान र सुरक्षा' कार्यक्रम लागू गरौं । सरकारले जसरी कृषकहरूका लागि भनेर 'उत्पादन साथमा, अनुदान हातमा" कार्यक्रम घोषणा गरेको छ, यहीअनुसार देशका युवालाई उत्पादनमा आकर्षित गर्ने प्रयत्न गरेको देखिन्छ । कुनै पनि नीति त्यतिकै बन्दैन । तर नीति बनिसकेपछि त्यो नीतिलाई लागू गर्नु ठुलो कुरा हुन्छ । यसैले नेपाली युवालाई सरकारका नीति तथा कार्यक्रम र बजेटमा विश्वास लाग्ने व्यवहारको खाँचो छ ।

*(लेखक रोकाया, नेपाल विकास अनुसन्धान प्रतिष्ठानका सदस्य हुन् ।)*

## सामाजिक सञ्जाल



- ओमकुमार थापा

सांसदहरूलाई विकास कोषका नाममा पकेटमा हाल्ने बजेट चाहियो, तलबभत्ता पुगेन वृद्धि गर्नुपऱ्यो, काठमाडौंमा घर घडेरी र गाडी चाहियो, सांसदहरू सार्वजनिक यातायातमा चढ्न हुँदैन रे, भन्ने जस्ता मानक बनाउने माननीयहरू साँच्चैका जनप्रतिनिधि हुन् कि जागिरे या पेशेवर व्यवसायी, बुझ्नै पो सकिएन त !



- च्यवन घिमिरे

सुमनाले एउटा कार्यशाला र एनजिओलाई "मैले संसद सचिवालयबाट कानुन बनाउने तलब पाएको छु, दोहोरो आम्दानी चाहिन्न" भनेर भत्ता फिर्ता दिएको कुरा समाचार बनेनन् तर, उनले स्कर्ट लाएको कुरा समाचार र मुद्दा बन्दैछन् । किन थाहा छ, हामी सबै भ्रष्टाचारमा लिप्त समाजका नाङ्गा प्रतिनिधि हौं !



- निलाम्बर आचार्य

अपराध आफै हुँदैनन्, अपराधीले गर्छन् । मानव तस्करी र राज्यविरुद्धको अपराधका सम्पूर्ण तथ्य बाहिर आउनुपर्छ । अपराधी दण्डित हुनुपर्छ । डरधाक, ढाकछोप र फासफुसका कुनै पनि दुश्चेष्टा सफल हुन नपाउन् । राज्य सक्षम प्रमाणित हुनुपर्छ ।




- डम्मर खतिवडा

धमिजा, लाउडा र सुडान कण्डमा जसरी आज पनि मान्छे कोइराला परिवारमाथि आशंका गर्छन्, त्यसरी नै ओलीको सचिवालय, बादल, बादल पत्नी, आरजु, मञ्जु खाँड, प्रेम राईमाथिको छानबिन बिना शरणार्थी प्रकरणको छानबिन पूरा हुँदैन, आशंका रहिरहन्छ । प्रचण्ड र नारायणकाजीले सत्ताका लागि ठूला माछा उम्काए भनिनेछ ।

# राष्ट्रिय समस्या समाधानका उपाय

विचार



● प्रेमलकुमार खनाल

२०६२/६३ को जनक्रान्तिपछि मुलुकमा गणतन्त्रको स्थापना भयो । नौ वर्ष लगाएर परिवर्तनका उपलब्धिलाई संस्थागत गर्ने संविधान निर्माण भयो । संविधानले समृद्धि, सामाजिक न्यायसहित समाजवादको दिशामा मुलुकलाई अगाडि बढाउने दिशाबोध गऱ्यो । संविधानले परिलक्षित गरेको अभिभारा पूरा गर्न बामपन्थी शक्तिलाई दुई तिहाइको जनमतका साथ सरकारको नेतृत्व गर्ने अवसर जनताले प्रदान गरे । सम्भवतः फेरि इतिहासमा यस्तो प्रचण्ड जनमत र जनादेश वामपन्थी शक्तिले प्राप्त गर्न निक्कै नै मिहेनत गर्नुपर्नेछ ।

यसरी छँदा खाँदाको जनमत र जनादेशअनुरुप मुलुकमा परिवर्तन र रुपान्तरण गर्ने अभिभारालाई पूरा गर्न केपी शर्मा ओलीको नेतृत्वमा बनेको सरकार असफल भयो । पार्टीसँग कुनै समन्वय र सहमति कायम नगरीकन, पार्टीका नीति, विचार र कार्यक्रमिक प्रतिबद्धताअनुरुप सरकार सञ्चालन नगर्दा, पार्टी पंक्तिबाट भएका गुनासो, आलोचना, टिप्पणीलाई सुनुवाइ गरेर पार्टी र सरकार सञ्चालन नगर्दा र सर्वसत्तावादी ढंगबाट सरकार सञ्चालन गरेपछि पार्टीबाट आलोचना र टिप्पणी बढ्न थालेपछि त्यसबाट भागेर दुई/दुई पटक संसद विघटन गरेपछि सुरुवात भएको राजनीतिक संकट अहिले नराम्ररी झाङ्गिएको छ ।

तर आफूलाई 'मार्क्सवादी' भन्नेहरु यस्तो बेथिति र व्यक्तिवादी ढंगबाट पार्टी र सरकार सञ्चालन भएको कुरा स्वीकार्न सक्दैनन् । व्यक्तिले गल्ती गर्न सक्दछ भन्ने सच्चाईलाई आत्मसात् नगरीकन 'हनुमान' बन्ने प्रवृत्तिका कारण छँदा खाँदाको दुई तिहाइको जनमत खरानी भएको छ । त्यसकै परिणास्वरुप कुनै पनि राजनीतिक दलले बहुमत ल्याउन नसक्ने गरी 'हङ पार्लियामेन्ट' भएको छ । पुनरुत्थानवादी र राजावादी शक्तिहरुसँग साँठगाँठ र चुनावी गठबन्धन गरेर उनीहरूलाई संसदभित्र रातो कार्पेट बिच्छाएर संसदभित्र हुल्ने काम भएको छ । र, यहीँ शक्ति अहिले संसदभित्र राजतन्त्र पुनर्स्थापना र हिन्दुराज्यको नाराबाजी गरिरहेको छ । संघीयताको विरोध गरिरहेको छ । हिजोका आन्दोलनकारी शक्ति र नेताहरुको विरोध र भण्डाफोर गरिरहेको छ । संविधान विपरीत संसदभित्र आवाज उठाइरहेको छ ।

आज जुन खालको राजनीतिक अवस्थाको विकास भएको छ, जसको परिणामस्वरूप गलत आर्थिक नीति अवलम्बन हुन पुगेका छन् । जसले आर्थिक संकट सिर्जना गराएको छ । 'माल पाएर चाल नपाए' को भनेझैं राज्यकोषको दुरुपयोग, अनुत्पादक क्षेत्रमा खर्चको बढोत्तरीले विगत ४/५ वर्षमै १२ खर्बभन्दा बढीको वैदेशिक ऋण र अहिले आईपुग्दा झण्डै २१ खर्ब रकम विदेशी ऋणको भार राष्ट्र र जनताले व्यहोर्नुपर्ने अवस्थामा पुगेको छ । यस्तो ऋण भार बढ्दा न त उत्पादन बढ्यो, नत रोजगारी नै बढ्यो । युवा जनशक्ति बेरोजगारीले भौतारिएर विदेशिन बाध्य छन् । आर्थिक संकटसँगै सामाजिक संकट र सांस्कृतिक संकट सिर्जना भएको छ । यसरी सर्वत्र बढेको संकटले प्रणालीमा नै संकट उत्पन्न गर्दै गरेको छ । यसरी सर्वत्र सिर्जना भएको संकट समाधानका लागि सुधारका उपायको खोजी गर्न जरुरी छ ।

वर्तमान संकटबाट पार पाउन सबैभन्दा पहिले बृहत राजनीतिक सम्मेलन गर्न आवश्यक देखिन्छ । जसमा शासकीय व्यवस्था, निर्वाचन प्रणाली, आर्थिक सामाजिक प्रणालीमा सुधार गर्न संविधान संशोधन गरिनुपर्छ । हामीले प्रयोगमा ल्याएको खर्चिलो, भद्दा प्रत्यक्ष र समानुपातिक प्रतिनिधित्वको मिश्रित निर्वाचन प्रणालीले राजनीतिक अस्थिरता र संकट सिर्जना गरायो । जसको विकल्प पार्टी र जनप्रतिनिधिलाई जनअनमोदित गर्ने प्रत्यक्ष निर्वाचन प्रणालीलाई अवलम्बन गर्नु अनिवार्य छ ।

सँगै, पार्टीका केन्द्रबाट होइन, जिल्ला/निर्वाचन क्षेत्र भरिका पार्टी कार्यकर्ताले छनौट गरेका उम्मेदवारलाई पार्टीको उम्मेदवार घोषणा गर्ने परिपाटी बनाउनुपर्छ । व्यापारी, व्यवसायी र उद्योगपतिबाट पार्टी र नेताहरुले चन्दा उठाउने कामलाई हटाउनुपर्छ । प्रत्येक पार्टीहरुको आर्थिक कारोबारको पारदर्शिता कायम गर्न लेखापरीक्षण गरी सार्वजनिक गर्ने परिपाटी हुनुपर्छ ।

संवैधानिक अंगका प्रमुख र सदस्यहरु खुल्ला प्रतियोगिताका आधारमा विज्ञ र पेशाविद् व्यक्तिहरु नियुक्ति गर्ने गरी संविधानमा सुधार अनिवार्य छ । यस्तै, सांसदहरूलाई कानुन निर्माता, नीति निर्माता र सरकारका कामको अनुगमन गर्ने भूमिकामा लगिनुपर्छ । सांसदलाई विकृत देखाउने कार्यक्रमहरु हटाउनुपर्छ । बजेट बिनियोजनको शैली परिवर्तन हुनु जरुरी छ । योजनाअनुसार केन्द्रबाट गर्ने काम, प्रदेशबाट गर्ने काम र स्थानीय तहले गर्ने काम छुट्याइनुपर्छ ।

हरेक पदमा दुई पटकभन्दा बढी नियुक्त हुन नपाउने व्यवस्था गरिनुपर्छ । आज न्यायालय विवादित छ । यस्तोमा न्यायाधीश नियुक्ती प्रक्रिया बदल्नु अनिवार्य छ । साथै, विभिन्न आयोगको नियुक्ती प्रक्रिया पनि खुल्ला प्रतिस्पर्धात्मक खालको बनाउनु अनिवार्य छ ।

कृषि क्षेत्रलाई कसरी समेट्न तीन तहको बीचमा समन्वय आवश्यक छ । जनताको उत्पादनको बजार सुनिश्चित गराइदिने संयन्त्र अहिलेको खाँचो हो । वर्गीय आधारमा जनतालाई राहत दिने कार्यक्रम हरेक तहमा राज्यले ल्याउनुपर्छ । विद्यमान कर प्रणालीको खारेज गर्दै प्रगतिशील कर प्रणालीसहित कर विस्तार गरिनुपर्छ । स्वास्थ्य, शिक्षालगायत आधारभूत कुराको सुनिश्चित गर्दै राज्यलाई भार पर्नेगरी गरिएका सुविधाका व्यवस्था खारेज हुनुपर्छ ।

*(खनाल, नेकपा (एकिकृत समाजवादी)का पोलीटव्यूरो सदस्य हुन् ।)*

## तपाईको राशिफल

मेष : साथीभाइबीच सुमधुर सम्बन्ध बनिरहनेछ । जिद्दि गर्नु हुँदैन ।

वृष : पुरानो कार्य बन्नेछ । अनावश्यक कार्यमा समय लगाउनु हुँदैन ।

मिथुन : रुकावटहरु समाप्त हुनेछन् । आयमा वृद्धि हुनेछ ।

कर्कट : मुकद्मा सम्बन्धी समस्याको योग छ । यात्रा सफल हुनेछ ।

सिंह : मांगलिक कार्य हुने र पद वृद्धिको योग छ ।

कन्या : स्वास्थ्य राम्रो रहनेछ । व्यापारको लागि शुभ समय छ ।

तुला : नाता-गोतासँग भेटघाट हुनेछ । चिन्ताको योग छ ।


वृश्चिक : वाणी संयम राख्नुहोला । पारिवारिक उल्झन रहनेछ ।

धनु : आयमा वृद्धि हुनेछ । स्वास्थ्यमा सुधार हुनेछ ।

मकर : अनावश्यक विवादमा परिने योग छ । पैतृक धनलाभ हुनेछ ।

कुम्भ : धार्मिक कार्यमा रुचि बढ्नेछ । घरेलू जीवन सुखमय रहन्छ ।

मीन : प्रियजनसँग भेट हुनेछ । विस्तारै सफलता प्राप्त हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# सनराइजद्वारा नगद तथा चेक जम्मा गर्ने मेसिनको शुरुवात

**काठमाडौं/मस –** सनराइज बैंक लिमिटेडले मेसिनबाटै सोझै ग्राहकले नगद तथा चेक आफ्नो खातामा जम्मा गर्न सक्ने सेवाको शुरुवात गरेको छ। बिहीबार एक कार्यक्रमका बीच बैंकका प्रमुख कार्यकारी अधिकृत सुमन शर्माले उक्त नयाँ सेवाको शुभारम्भ गरेका हुन्। बैंकले नवीनतम् सेवा सुविधा दिने उद्देश्यका साथ ग्राहकलाई बैंकमा रहेको आफ्नो वा अन्य ग्राहकको खातामा नगद रकम जम्मा गर्न क्यास डिपोजिट मेसिन सञ्चालनमा ल्याएको हो । यस सेवा अन्तर्गत ग्राहकहरूले बैंक कर्मचारीको सहयोग विनै कुनै भौतिक फारम नभरी केवल खाता नम्बरको आधारमा मेसिनबाट सोझै नगद जम्मा गर्न सक्ने छन् र त्यस्तो रकम तुरुन्तै ग्राहकको खातामा जम्मा समेत हुने बैंकले जनाएको छ ।

यसै गरी 'किओस्क' मेसिनको प्रयोग गरी ग्राहकहरूले कुनै पनि समयमा बैंक कर्मचारीको सहयोग विनै आफैं क्लियरिङ चेक जम्मा गर्न सक्नेछन् । चेकहरू ग्राहकहरूको आवश्यकता तथा छनोट अनुसार सामान्य वा एक्सप्रेस क्लियरिङ अन्तर्गत जम्मा हुनेछ । ग्राहकहरुले खाता मौज्दात, खाताको जानकारी, मिनी स्टेटमेन्ट र स्टेटमेन्ट प्रिन्ट पनि यसै किओस्क मसिनबाट प्राप्त गर्न सक्ने बैंकले जनाएको छ । बैंकले क्यास डिपोजिट मेसिन (सीडीएम) सेवा हालको लागि आफ्नो गैरीधारा शाखामा र क्यास डिपोजिट किओस्क सेवा गैरीधारा तथा न्यूरोड शाखामा सञ्चालनमा ल्याएको छ। अन्य शाखाहरूमा समेत यो सेवा विस्तार गर्ने योजना रहेको बैंकले जनाएको छ ।

यस्ता नयाँ प्रणालीहरुको प्रयोगबाट नगद तथा चेक जम्मा गर्ने लगायतका सेवाहरु प्राप्त गर्न भौतिक फारम भर्नु पर्ने तथा बैंकको काउन्टरमा लाइन बस्नु पर्ने हालको अवस्था अन्त्य भई ग्राहकहरूलाई सहज सुविधा पुग्ने शर्माले बताए ।

# घोराही सिमेन्टको आईपीओ खुला

**काठमाडौं/मस–** घोराही सिमेन्टको आईपीओ आजबाट (जेठ ३२) बिक्री खुला भएको छ । यो आईपीओ सर्वसाधारणका लागि खुला भएको हो । कम्पनीले १ सय अंकित मूल्यमा ३३५ रुपैयाँ प्रिमियम थप गरी प्रतिकित्ता ४३५ रुपैयाँका दरले आईपीओ खुला गरेको हो। जस अनुसार कुल ६९ लाख ११ हजार ६७० कित्ता सर्वसाधारणका लागि खुला गरिएको छ। यसमा असार ४ गतेसम्म आवेदन दिन सकिनेछ । उक्त समयमा सबै बिक्री नभएमा असार १४ गतेसम्म बिक्री खुला रहनेछ ।

घोराहीको आईपीओमा न्यूनतम १० कित्तादेखि अधिकतम १० लाख कित्ताका लागि आवेदन दिन सकिनेछ। यसमा बिक्री प्रबन्धकको काम नबिल इन्भेष्टमेन्ट बैंकिङ र हिमालयन क्यापिटलले गरेका छन्। घोराहीले यसअघि कर्मचारी, आयोजना प्रभावित, वैदेशिक रोजगारमा गएकाहरूका लागि आइपिओ बिक्री खुला गरिसकेको छ ।

**कोहलपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कोहलपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

## क्याटलग सपिङ्ग बिधिबाट उपकरण खरिद गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८०।०३।०१**

यस कार्यालयका लागि आवश्यक Manual Plazma Expressor, Bench Top Tube Sealer, Centrifuge Bucket Equalizer र Blood Bag Centrifuge एक/एक थान उपकरणहरु सार्बजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ (क ८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ (ख) बमोजिम क्याटलग सपिङ्ग बिधिबाट खरिद कार्य गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त उत्पादक वा अधिकृत बिक्रेताले सूचना प्रकाशित भएको मितिले (७) सात दिन भित्र नविकरण भएको इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७८।०७९ को करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि समेत राखी उत्पादकको आधिकारीक स्पेशिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) राखि शिलबन्दी प्रस्ताव यस कार्यालयमा दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी आएको प्रस्ताव उपर कुनै कारवाही हुने छैन साथै प्राप्त प्रस्तावहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यलयमा निहित रहने छ । थप जानकारीको लागि कार्यालयको वेब-साईट https://www.kohalpurmun.gov.np/ हेर्नुहुन वा नगरपालिकाको जिन्सी शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# नाडाले दुई वर्षसम्म तालिम दिने गरी पाठ्यक्रम बनाउँदै

**काठमाडौं/मस –** नाडाले हेल्भटाससँग मिलेर दुई वर्षसम्म तालिम दिनेगरी पाठ्यक्रम बनाउने भएको छ । अटोमोबाइल एशोसिएसन अफ नेपाल नाडा र स्वीस अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हेल्भटासबीच कर्मचारी तथा प्राविधिकहरुलाई तालिम दिनेबारे सम्झौता भएको हो ।

नाडा र स्वीस सरकारको अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हेल्भटासअन्तर्गत रहेको नेपालमा दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजनाका प्रतिनिधि र नाडाका प्रतिनिधिले उक्त समझदारी गरेका हुन्। सम्झौतापत्रमा नाडाका अध्यक्ष ध्रुव थापा र परियोजनाका टिम लिडर रविन्द्र बहादुर सिंहले हस्ताक्षर गरे । सम्झौताअनुसार काम अघि बढाउन दुबै संस्थाको सहमतिमा नियम र सर्तहरु समेत तयार गरिएको नाडाले जनाएको छ ।

नाडाका सदस्य कम्पनीहरुमा कार्यरत कर्मचारी, प्राविधिक तथा नयाँ कर्मचारीहरुलाई दक्ष र सिपयुक्त बनाउनका लागि सम्झौतापत्रमा हस्ताक्षर गरिएको जारी विज्ञप्तीमा उल्लेख छ। नाडाका अनुसार यसका लागि दुबै संस्थाको सहमतिमा २४ महिने र १२ महिने पाठयक्रम तयार गरी आवश्यक तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ। यसका लागि नाडाका सदस्य कम्पनीहरुले आफ्ना आवश्यकतानुसार कर्मचारी तथा प्राविधिकहरुलाई तालिम दिन सिफारिस समेत गर्नेछन् । यसमा सैद्धान्तिक तथा व्यवाहारिक दुबै खालको तालिम समावेश हुनेछ ।

यस किसिमको तालिमले अटोमोवाइल क्षेत्रमा सहज रुपमा दक्ष जनशक्ति पूर्ति हुने विश्वास नाडाले लिएको छ । यसका लागि नाडाले छुट्टै कर्मचारी र कार्यालय समेतको व्यवस्था गरिसकेको जनाएको छ । नाडाले यस किसिमका कार्य सञ्चालन गर्न उपाध्यक्ष राजनबाबु श्रेष्ठको सभापतित्वमा उपाध्यक्ष निराकार श्रेष्ठ, केन्द्रीय कार्य समिति सदस्यद्वय प्रकाश कपुरी, कपिल शिवाकोटी, बरदान बस्नेत, तथा सोहन श्रेष्ठसहितको ६ सदस्यीय सिप विकास इकाई समेत गठन गरेको जानकारी दिएको छ ।

# होण्डाको आकर्षक अफर

**काठमाडौं/मस–**होण्डा साइनले आफ्ना ग्राहकका लागि नयाँ आकर्षक अफर ल्याएको छ। होण्डा मोटरबाईकको अधिकृत बिक्रेता स्याकार ट्रेडिंग कम्पनीले जनाएअनुसार होण्डा साइन मोटरबाईक मात्रै एक प्रतिशत ब्याज दरमा किन्न पाइनेछ । सर्वाधिक माइलेजका कारण उपभोक्ताहरुको रोजाईमा सधैं पर्न सफल होण्डा साइन बाइक खरिद गर्दा अब तुरुन्तै 'क्यास ब्याक' पनि पाउन सकिने कम्पनीले जनाएको छ ।






**Bhajani Municipality**
**Office of Municipal Executive**
**Bhajani, Kailali**
**Sudhurpaschim Province, Nepal**

## Invitation for Catalogue Shopping of Various Medical Equipment

**First date of publication 2080/03/01**

Bhajani Municipality ,Office of Municipal Executive, Bhajani, Kailali intends to procure Various Medical Equipment as per approved Technical Specification ,under the Catalogue Shopping procedure as described on Public Procurement Act,2063. All the eligible manufacturers or authorized dealer are invited to submit sealed proposal at Bhajani Municipality office, Bhajani Kailali with their catalogue containing technical data, specifications, price and service within 7(Seven) days of first publication date during office hour. The manufacturers or authorized dealer must submit copy of Firm Registration Certificate, Copy of Tax Clearance Certificate for F/Y 2078/079, Self deceleration letter and letter of manufacturer's authorization along with the application and catalogue of equipments.

| Sn | Description of Work | Quantity | General Specifications |
|---|---|---|---|
| 1. | Supply and Delivery of Various Medical Equipments as per approved Technical Specifications. | As mentioned in Document | As per Approved Technical Specification uploaded in office website. |

For Any Query and Technical specifications, please Visit www.bhajanimun.gov.np or Contact Bhajani Municipality office(Health Section).

**Chief Administrative Officer**

**बागमती प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास कार्यालय**
**ललितपुर, बागमती प्रदेश, नेपाल**

## बागमती प्युटार पुल (९० मि.) निर्माण आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(पहिलो पटक प्रकाशित मिति: २०८०/०३/०१)**

बागमती प्रदेश ललितपुर जिल्ला बागमती गाउँपालिकामा श्री पूर्वाधार विकास कार्यालयद्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री पूर्वाधार विकास कार्यालय, ललितपुर<br>फोन नं ०१-५५५१६३७<br>ई-मेल idolalitpur@bagmati.gov.np<br>वेबसाइट www.idolalitpur.bagmati.gov.np |
| प्रस्तावको व्यहोरा | ९० मि. लम्वाईको पुल निर्माण |
| प्रभाव पार्न सक्ने क्षेत्र | ललितपुर जिल्ला बागमती गाउँपालिका वडा नं. ४<br>मकवानपुर जिल्ला बकैया गाउँपालिका वडा नं १० |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनि यकिन गर्न बागमती गाउँपालिका, बकैया गाउँपालिका, वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाब लिन आवश्यक भएकोले यो सार्बजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **श्री पूर्वाधार विकास कार्यालय, ललितपुर**<br>फोन नं ०१-५५५१६३७<br>ई-मेल idolalitpur@bagmati.gov.np<br>वेबसाइट www.idolalitpur.bagmati.gov.np |
| **परामर्शदाताको नाम र ठेगाना** | **नेटिभ ईन्जीनियरिंग कन्सल्टेन्ट एण्ड बिल्डर्स**<br>**अनामनगर, काठमाडौं, नेपाल**<br>फोन नं. ९८४३६२३८०९ ९८०३३०५०५७<br>ईमेल info@thenativebuilder.com<br>वेबसाइट www.thenativebuilder.com |

**Chhathar Jorpati Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Jorpati, Dhankuta**
**Koshi Province**

## Invitation for Online Bids

**Date of publication: 2080/03/01**

1. The Chhathar Jorpati Rural Municipality Jorpati, Dhankuta invites Online Bids from eligible bidders for the procurement of the following works.

| Contract ID | Description | Estimated Amount (With VAT) NRs | Bid Doc. Fee NRs | Bid Security NRs | Bid Security Validity | Remarks | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 07/CJRMUN/ SQ/2079/080 | Purchasing and supplying of roofing colour C.G.I sheet heavy class and Roof Ridge Cover | 16,57,600.54 | 1,000 | 42,000 | 75 Days | Sealed Quotation | 2080/03/17 At 13:00 |

2. The Sealed Quotations must be submitted electronically only. Eligible Bidders may obtain further Information from PPMO website: www.bolpatra.gov.np/egp.
3. Bidder who submit their bid electronically may download the bidding documents from www.bolpatra.gov.np/egp Bidders, submitting their bid electronically, should deposit the cost of bidding document at Name and A/C No. Antarik Rajaswa Khata 20901017500044 on the behalf of Chhathar Jorpati Rural Municipality at Nabil Bank Lt Sindhuwa Branch.
4. Bid security amount deposited at Name and A/C No. Dharauti Khata 20901017500025 on the behalf of Chhathar Jorpati Rural Municipality at Nabil Bank Lt Sindhuwa Branch. Or Bidder who choose to submit their bid security amount as Bid bond, the bid bond should be issued from authorized and recognized commercial bank or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. A scan copy of bid bond is mandatory.
5. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064 following all revision.

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**